# स्थानीय बीउमा सुलभ पहुँचका लागि सहभागितामूलक बीउ आदानप्रदान

LI-BIRD

पीताम्बर श्रेष्ठ, सजल स्थापित र इन्द्रप्रसाद पौडेल



तस्विरः पीताम्बर श्रेष्ठ/ली-बर्ड

## परिचय

नेपाललगायत विश्वका विभिन्न देशका कृषकहरूले आफ्नो खेतबारी तथा घरबगैंचाका लागि आवश्यक बीउ आफ्नो घरमा जोगाएर वा भण्डारण गरेर राख्ने चलन सदियौंदेखि चल्दै आएको छ । यसका अतिरिक्त कृषकहरूका बीच एकापसमा बीउ तथा त्यसबारेको जानकारी आदानप्रदान वा साटासाट गर्ने कार्य पनि परापूर्वकालदेखि नै चल्दै आएको छ । जस अनुसार आफूसँग भएका राम्रा जातका बीउबिरूवा आफ्ना छिमेकी, आफन्त वा साथीभाइहरूलाई दिने र उनीहरूबाट पनि आफूलाई मनपर्ने वा आफ्नो खेतबारीमा हुन सक्ने बीउबिरूवा ल्याएर लगाउने गरिन्छ । नेपालका कृषकहरूका लागि आवश्यक पर्ने बीउको ९० प्रतिशतभन्दा बढी अंश यसै प्रक्रियाबाट पूरा हुन्छ । यसका थुप्रै सकारात्मक पक्षहरू छन् । जस्तैः कृषकहरूले बजारमा महँगो मूल्य तिरेर बीउ खरिद गर्नु नपर्ने; आफूलाई आवश्यक पर्ने बीउ खोज्न टाढाटाढा जान नपर्ने; आफ्नो खेतबारी र घरबगैंचामा बालीनाली वा विविधताको सङ्ख्यामा सजिलै वृद्धि हुने; त्यसै अनुसार विभिन्न थरीका बालीहरूको उत्पादन हुने; आफूले चिनेजानेका स्रोतबाट बीउ ल्याइने भएकाले फल्छ वा फल्दैन भन्ने शङ्का नमानीकन निर्धक्कसँग खेती गर्न सकिने; अन्ततः स्थानीय जातका बालीहरूका हकमा त्यसको खेती गर्ने कृषक तथा बालीले ढाक्ने क्षेत्रफल वृद्धि भई ती जातहरूको संरक्षण र निरन्तर विकास हुने ।

यसरी सबै पक्षबाट फाइदै-फाइदा हुने र नेपालजस्तो बहुसङ्ख्यक साना कृषकहरू भएको र भौगोलिक विकटता तथा विकासका पूर्वाधारहरूको कमी भएको देशमा कृषकहरूका बीचमा एकापसमा हुने बीउको साटासाटको चलनलाई अझ बढावा दिनु आवश्यक छ । सहभागितामूलक बीउ आदानप्रदान यस्तै एक पद्धति हो जसले कृषकहरूका बीचमा व्यक्तिगत रूपमा हुने बीउ तथा जानकारीको आदानप्रदान प्रक्रियालाई सामूहिक र व्यवस्थित रूपमा अघि बढाउन मद्दत पुऱ्याउँदछ । अतः कृषक समूहका बीचमा निश्चित मिति र स्थानमा तय गरिएको बीउ आदानप्रदान कार्यक्रममा भाग लिई एकापसमा बीउ तथा त्यसबारेको जानकारी साटासाट गरिने पद्धतिलाई सहभागितामूलक बीउ आदानप्रदान भनिन्छ ।

## उद्देश्य

सहभागितामूलक बीउ आदानप्रदान गर्नाका निम्नलिखित उद्देश्यहरू रहेका छन्:

- कृषकहरूका बीचमा व्यक्तिगत रूपमा हुँदैआएको बीउ आदानप्रदान प्रक्रियालाई थप व्यवस्थित र सुदृढ गर्ने;
- कृषकहरूलाई बढीभन्दा बढी बीउ छनोटको अवसर उपलब्ध गराई सकेसम्म धेरै जातका बालीहरू खेतबारी तथा घरबगैंचामा लगाउन उत्प्रेरित गर्ने;
- स्थानीय जातका बीउहरूका साथै ती बीउहरूसँग सम्बन्धित जानकारी तथा परम्परागत ज्ञान एक आपसमा साटासाट गरी विस्तार गर्ने;



तस्विरः पीताम्बर श्रेष्ठ/ली-बर्ड

- कृषकहरूको खेतबारी तथा घरबगैंचामा विविधता बढाई परिवारका सदस्यहरूका लागि आवश्यक पोषणयुक्त खाद्य वस्तुहरूको उपलब्धता बढाउने;
- समुदायका सदस्यहरूका बीचमा बीउ तथा त्यसबारेको जानकारी आदानप्रदानका माध्यमबाट एकापसमा मित्रता, घनिष्ठता र सामाजिक सौहार्द्रता बढाउने;
- कृषि जैविक विविधताको दिगो यथास्थानीय संरक्षण गर्ने ।

## प्रक्रिया

सहभागितामूलक बीउ आदानप्रदान सरल र सहज रूपमा सञ्चालन गर्न सकिने क्रियाकलाप हो । तर समुदाय वा समूहका सदस्यहरूका बीचमा सञ्चालन गरिने भएकाले यस कार्यमा भागलिने सबै सदस्यहरूलाई उपयुक्त हुने मिति, स्थान र समयमा आयोजना गर्नुपर्दछ । यो कार्यक्रम ठाउँ र बाली लगाइने मौसम अनुसार वर्षमा एकदुईपटक वा सोभन्दा बढी पनि गर्न सकिन्छ । यसका लागि बाली रोप्ने समय (हिउँद, वर्षा वा वसन्त) शुरू हुनुभन्दा एक हप्ता वा पन्ध्र दिन अघि आयोजना गर्नु उपयुक्त हुन्छ । कुनै पनि स्थान वा समयमा सहभागितामूलक बीउ आदानप्रदान गर्दा क्रमशः निम्न कुराहरू सम्पन्न गर्नुपर्दछः

### चरण १: तयारी

सहभागितामूलक बीउ आदानप्रदान मूलतः कृषक समूहहरूले सञ्चालन गर्ने क्रियाकलाप हो । अतःयसका लागि कृषक समूहको बैठकमा सहभागीहरूलाई यस कार्यक्रमका बारेमा विस्तृत जानकारी दिनु जरूरी हुन्छ । त्यपपछि सबैजनाको सहमतिमा उपयुक्त मिति, स्थान र समय तय गरी कार्यक्रममा भाग लिने कृषकहरूलाई तोकिएको मिति, स्थान र समयमा आफूसँग भएका विभिन्न जातका बीउ (अरूलाई वितरण गर्न पुग्ने परिमाण) लिएर आउने जानकारी दिनुपर्दछ । कृषकहरूले लिएर आउने बीउ शुद्ध, सफा, रोग, कीरा नलागेको र ८० प्रतिशतभन्दा बढी उमारशक्ति भएको हुनुपर्दछ ।

### चरण २: बीउ तथा जानकारी आदानप्रदान

तोकिएको मिति, स्थान र समयमा कृषकहरूले बीउ लिएर आएपछि उनीहरूलाई बीउ फिँजाएर राख्ने पर्याप्त स्थान उपलब्ध गराउनुपर्दछ । प्रत्येक कृषकले ल्याएको बाली तथा जातको नाम, विशेष गुण र त्यसको संरक्षणको अवस्थाको जानकारी लिई अभिलेखीकरण गर्नुपर्दछ । यसका लागि प्रत्येक कृषकले दिएको जानकारी अलग-अलग फाराममा (हेर्नुहोस् अनुसूची १ को फाराम १) अभिलेखीकरण गर्नुपर्दछ । त्यसपछि उपस्थित कृषकहरूलाई पालैपालो अन्य कृषकहरूसँग बीउ माग गर्न र सो बीउबारे जानकारी लिन समय दिनुपर्दछ । यसका लागि बीउ लिएर आउने प्रत्येक कृषकलाई अरूले बीउमाग गरेको विवरण भर्नका लागि एकएक प्रति फाराम (हेर्नुहोस् अनुसूची १ को फाराम २) उपलब्ध गराउनुपर्दछ । यसरी साटासाटका लागि बीउ लिएर आउने सबै कृषकको बीउ माग गर्ने कार्य सकिएपछि माग भएबमोजिमका प्याकेट बनाउनुपर्दछ र अन्त्यमा बीउ माग गर्ने प्रत्येक कृषकलाई पालैपालो उनीहरूले माग गरेको बीउ उपलब्ध गराउनुपर्दछ । यस क्रममा कुनै बीउको माग बढी र उपलब्ध परिमाण कम हुन पनि सक्छ भने कुनै बीउको माग नहुन पनि सक्छ । यस्तो अवस्थामा बढी माग भएको बीउ कृषकको घरमा भएमा कृषकका घरबाट नै



तस्विरः महेश श्रेष्ठ/ली-बर्ड

लान सक्ने व्यवस्था मिलाउनुपर्दछ । यदि त्यो बीउ उक्त कृषकसँग पनि कम भएको खण्डमा अर्को वर्ष बीउ उत्पादन गर्ने योजना बनाउनुपर्दछ ।

### चरण ३: अनुगमन

सहभागितामूलक बीउ आदानप्रदान प्रक्रियाको अर्को महत्त्वपूर्ण पक्ष भनेको एकापसमा साटासाट गरेर बीउ लिएर गएका कृषकहरूले उक्त बीउ लगाए वा लगाएनन्, बीउ उम्रियो वा उम्रिएन र उत्पादन भएपछि अर्को वर्षका लागि बीउ राखे वा राखेनन् र बीउ राखेका भए उक्त कृषकबाट अरूले बीउ लगे वा लगेनन् भन्ने कुराको अनुगमन गर्नुपर्दछ । यसरी गरिएको अनुगमन र बीउ लाने कृषकहरूको पृष्ठपोषणका आधारमा आगामी वर्ष वा सिजनको बीउ आदानप्रदान कार्यक्रममा सुधार ल्याउन सकिन्छ ।

## सिकाइ तथा अनुभव

सहभागितामूलक बीउ आदानप्रदानको थालनी सन् २००८ मा पश्चिमी तराई भू-परिधि विकास आयोजना अन्तर्गत ली-बर्डले सञ्चालन गरेको कृषि जैविक विविधता कार्यक्रमबाट भएको हो । त्यसबेला परियोजना अन्तर्गतका बर्दियाको बेलवा, कैलालीको पथरैया, मसुरिया, गदरिया र कञ्चनपुरको शङ्करपुर गा.वि.स.मा घरबगैंचा व्यवस्थापन क्रियाकलापमा संलग्न कृषकहरूका बीचमा गा.वि.स स्तरमा सम्पन्न गरिएको थियो । यसक्रममा ४७ जना कृषकहरूले घरबगैंचामा रोपिने ३४ किसिमका बालीहरूका ७५ जातका १७४ वटा नमूना साटासाटका लागि ल्याएका थिए । त्यसै गरी सन् २००९ मा ६२ जना कृषकले घरबगैंचामा रोपिने ५३ किसिमका बालीहरूका ११२ जातका ६०९ वटा बीउको नमूना साटासाटका लागि ल्याएका थिए । बीउ साटासाट कार्यक्रममा भाग लिने र बीउ लाने कृषकहरूको सङ्ख्या हेर्ने हो भने चार पटकमा १२६ जना सहभागी भएकामा ७४ जनाले विभिन्न किसिमका बीउ लिएर आएका थिए र ९६ जनाले १ देखि १० किसिमका बीउ आफ्नो घरमा लिएर गएका थिए । बेलवा बर्दियाकी



तस्विर: महेश श्रेष्ठ/ली-बर्ड

शान्ति थारू तिनैमध्येकी एक हुन् जसले बीउ साटासाट कार्यक्रमबाट लगेको स्थानीय सेतो केराउ अर्को साल तीन जनालाई वितरण गरिन् भने गदरिया कैलालीकी मीना थारूले बीउ साटासाट कार्यक्रमबाट लगेको लामो लौका अर्को साल ६ जनालाई वितरण गरिन् । यी दुई उदाहरणले सहभागितामूलक बीउ आदानप्रदान कार्यक्रमले गाउँघरमा हुने बीउको अनौपचारिक आदानप्रदान प्रक्रियालाई बढावा दिन्छ भन्ने कुरा देखाउँछ । त्यसै गरी बीउ साटासाटका लागि कृषकहरू आफूसँग भएको बीउ ल्याउन र अरूबाट बीउ लिएर जान अत्यन्त उत्साहित हुन्छन् भन्ने पनि देखाउँछ । ली-बर्ड र नाबिक-नेपालले कृषकहरूको सहभागितामा सञ्चालन गर्ने राष्ट्रिय स्तरका कार्यशाला गोष्ठीहरूमा पनि सहभागितामूलक बीउ आदानप्रदान कार्यक्रमलाई बढावा दिँदै आएको छ ।

सहभागितामूलक बीउ आदानप्रदान कार्यक्रमको लागतको कुरा गर्ने हो भने यो त्यति खर्चिलो क्रियाकलाप होइन । बीउ आदानप्रदान गर्ने सहभागीहरूको चियानास्ता खर्च, जानकारी सङ्कलन फाराम र बीउ पोका पार्ने स-साना प्लास्टिक थैलाबाहेक यसमा खासै खर्च लाग्दैन । तर बीउ साटासाट कार्यमा



तस्विर: सजल स्थापीत/ली-बर्ड

संलग्न कृषकहरूसँग छलफल गरी उनीहरूले वितरण गरेका बीउको परिमाणका आधारमा सामान्यतया चलनचल्तीका भाउमा बीउको मूल्य दिनु उपयुक्त हुन्छ ।

## ध्यान दिनुपर्ने कुराहरु

- सहभागी कृषकहरूलाई कार्यक्रमबारे पर्याप्त जानकारी दिने;
- फारामका आवश्यक प्रतिलिपिहरू तयार गर्ने;
- बीउ प्याकिङ् गर्नका लागि आवश्यक ट्याग, प्लास्टिक थैला र स्ट्याप्लरको व्यवस्था गर्ने;
- साटासाट भएको बीउको परिमाणका आधारमा चलनचल्तीका भाउमा कृषकलाई बीउको मूल्य दिने;
- कृषकहरूले साटासाटका लागि ल्याएको बीउको र वितरण गरिएका बीउको अभिलेख चुस्तदुरूस्त राख्ने;
- कृषकहरूले बीउ लगेपछि प्रभावकारी रूपमा अनुगमन गर्ने र स्थानीय स्तरमा साटासाट गर्न प्रोत्साहन गर्ने ।

## अनुसूची १: सहभागितामूलक बीउ आदानप्रदानका लागि आवश्यक फारामहरु

### फाराम १ः बीउ दर्ता फाराम

बीउ लिएर आउने कृषकको नामः .................................... ठेगानाः ....................................

| बाली | जात | विशेष गुण तथा प्रयोग | त्यस गा.वि.स.मा यस जातको हालको अवस्था* |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

*क) धेरै कृषकले धेरै-धेरै क्षेत्रफलमा लगाउने, ख) धेरै कृषकले थोरै थोरै क्षेत्रफलमा लगाउने, ग) थोरै कृषकले धेरै धेरै क्षेत्रफलमा लगाउने, घ) थोरै कृषकले थोरै-थोरै क्षेत्रफलमा लगाउने

### फाराम २ः बीउ वितरण फाराम

बीउ लिएर आउने कृषकको नामः .................................... ठेगानाः ....................................

| बीउ माग गर्ने कृषकको नाम | बीउ माग गर्ने कृषकको ठेगाना | बीउ लान चाहेको बाली | बीउ लान चाहेको जात | बीउ लान चाहेको कारण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

LI-BIRD

UTVIKLINGSFONDET
THE DEVELOPMENT FUND • EL FONDO DE DESARROLLO

यस असल अभ्यासको प्रतिपादन पश्चिमी तराई भू-परिधि विकास आयोजना (WTLCP) अन्तर्गत कृषि जैविक विविधता कार्यक्रमबाट भएको हो । कार्यक्रम सञ्चालनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तत्कालीन सहयोगी सङ्घ-संस्थाहरू वन तथा भू-संरक्षण मन्त्रालय, यू.एन.डी.पी. र विश्व वातावरण कोषप्रति हामी कृतज्ञ छौं ।

थप जानकारीका लागि:
जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)
पो.ब.नं. ३२४, पोखरा, कास्की
फोन ०६१-५२६८३४, ५३५३५७ • फ्याक्स ०६१-५३९९५६
इमेल info@libird.org • वेबसाइट www.libird.org

डिजाइन तथा लेआउटः महेश श्रेष्ठ/ली-बर्ड